सम्पूर्ण निवासी कर छुट परिवार आदिको लागि

सुगिनामी सहर

# मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकमको बाल भत्ता (प्रति बालबालिका 50 हजार येन) सम्बन्धी जानकारी

- आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर छुट आदि हुने परिवारहरूलाई मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकमको बाल भत्ता (प्रति बालबालिका 50 हजार येन) भनेको राष्ट्रको "मूल्य वृद्धिलाई प्राथमिकता दिई सम्बोधन गर्ने स्थानीय पुनरुत्थानको लागि अस्थायी अनुदान रकम" को उपयोग गरी भुक्तानी गरिने अनुदान रकम हो।
- यो अनुदान रकम प्राप्त गर्नको लागि **प्रक्रिया गर्नुपर्ने अवस्थाहरू** हुन सक्छन्।

## भुक्तानी गरिने अनुदानको रकम

**18 वर्ष वा सोभन्दा कम उमेरका बालबालिका(नोट) प्रति व्यक्ति 50 हजार येन** (प्रति परिवार भुक्तानी)

(नोट) हेइसेइ 17 साल अप्रिल 2 तारिख पछि जन्मेका बालबालिकाहरू

## भुक्तानीको दायरा र प्रक्रिया आवश्यक पर्ने वा नपर्ने

### भुक्तानीको दायरामा पर्ने परिवारहरू

**सुगिनामी सहरको मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (70 हजार येन अथवा 1 लाख येन) प्राप्तिको दायरामा पर्ने परिवार(नोट) हरू मध्ये 18 वर्ष वा सोभन्दा कम उमेरका बालबालिकालाई पालनपोषण गरिरहेका परिवारहरू**

(नोट) रेइवा 5 साल डिसेम्बर 1 तारिख (मानक मिति) मा सुगिनामी सहरमा निवासी दर्ता भई तलका सर्तहरू पूरा गरेका परिवारहरू

《70 हजार येन》परिवारको सबै सदस्यहरूको आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको प्रति व्यक्ति कर छुट भएको परिवार

《1 लाख येन》सबै सदस्यहरू आर्थिक वर्ष रेइवा 5 सालको निवासी करमा प्रति व्यक्ति कर मात्र लगाइएको व्यक्तिहरूबाट बनेको परिवार अथवा आर्थिक वर्ष रेइवा 5 सालको निवासी करमा प्रति व्यक्ति कर मात्र लगाइएको व्यक्तिहरू र प्रति व्यक्ति कर छुट व्यक्तिहरूबाट बनेको परिवार

**1** भुक्तानीको दायरा पर्ने परिवारहरू मध्ये **आर्थिक वर्ष रेइवा 5 सालको सुगिनामी सहर मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (70 हजार येन अथवा 1 लाख येन) घरमूलीको खातामा प्राप्त गरेको परिवार**

→ **सामान्य अवस्थामा प्रक्रिया गर्नुपर्दैन।**

**पछाडिको पृष्ठ** ① हेर्नुहोस्।

**2** भुक्तानीको दायरा पर्ने परिवारहरू मध्ये **आर्थिक वर्ष रेइवा 5 सालको सुगिनामी सहर मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (70 हजार येन अथवा 1 लाख येन) घरमूलीको खाता बाहेकमा प्राप्त गरेको परिवार**

→ **निश्चयपत्र पेस गर्नुपर्नेछ।**

**पछाडिको पृष्ठ** ② हेर्नुहोस्।

**3** भुक्तानीको दायरा पर्ने परिवारहरू मध्ये **निम्न मध्ये कुनै एकमा पर्ने खण्डमा, छुट्टै आवेदन प्रक्रिया गर्नुपर्नेछ।**

- **रेइवा 5 साल डिसेम्बर 2 तारिख पछि जन्मेको नवजात शिशु** भएमा
- एक्लै होस्टल आदिमा बसोबास गरिरहेको जस्ता **फरक परिवारको 18 वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जीविका चलाइरहेको** परिवार
- **फरक परिवारको 18 वर्ष वा सोभन्दा कम उमेरको बालबालिकालाई कर कानुन अन्तर्गत पालनपोषण** गरिरहेको परिवार
- **रेइवा 5 साल डिसेम्बर 1 तारिख पछि सम्बन्धविच्छेद प्रक्रिया पूरा भएको** अथवा **सम्बन्धविच्छेद गर्ने विचारले छुट्टाछुट्टै बसोबास** गरिरहेको परिवार

*यी सर्तहरूमा पर्ने खण्डमा कल सेन्टरमा सम्पर्क गरी परामर्श गर्नुहोस्।

**पछाडिको पृष्ठ** ③ हेर्नुहोस्।

## सम्पर्क

सुगिनामी सहर मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम कल सेन्टर

☎ 0120-378-233 खुला समय: 8:30~17:15 (शनिबार, आइतबार, सार्वजनिक बिदाको दिन बाहेक)

# प्रक्रिया विधि र भुक्तानीको समय

अगाडिको पृष्ठ 1 को दायरामा पर्ने परिवारहरू

- क्रमिक रूपमा घरमूलीको नाममा "भुक्तानी सम्बन्धी जानकारी" पठाइनेछ।
- आर्थिक वर्ष रेइवा 5 सालको मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (70 हजार येन अथवा 1 लाख येन) प्राप्त गरेको खातामा ट्रान्सफर गरिनेछ।

**रकम ट्रान्सफर समयको लागि "भुक्तानी सम्बन्धी जानकारी" हेर्नुहोस्।**

अगाडिको पृष्ठ 2 को दायरामा पर्ने परिवारहरू

- क्रमिक रूपमा घरमूलीको नाममा "निश्चयपत्र" आदि हालिएको जानकारी पत्र पठाइनेछ।
- निश्चयपत्रमा आवश्यक जानकारी भरेपछि एकै खाममा पठाइएको जानकारी पत्रमा लेखिएको आवश्यक कागजात (रकम ट्रान्सफर गर्ने खाता थाहा हुने बैंक पासबुक आदिको प्रतिलिपि) संलग्न गरी फिर्ता पठाउनुहोस्।

पेस गर्नुपर्ने म्याद: **रेइवा 6 साल मे 31 तारिख (शुक्रबार) (हुलाक छापको मिति मान्य हुनेछ)**

**कागजात पेस गरेको 1 महिना जतिमा भुक्तानी गरिनेछ।**

अगाडिको पृष्ठ 3 को दायरामा पर्ने परिवारहरू

- सहरको आधिकारिक होमपेजबाट "बाल भत्ताको भुक्तानी आवेदनपत्र" को फाराम डाउनलोड गर्नुहोस् वा अगाडिको पृष्ठमा लेखिएको कल सेन्टरबाट माग गरी, आवश्यक जानकारी भरेर पेस गर्नुहोस्।

▶विद्युतीय आवेदन पनि दिन सकिन्छ। (केही अवस्थाहरू बाहेक)। विस्तृत जानकारीको लागि सहरको होमपेजमा हेर्नुहोस्।

| पेस गर्नुपर्ने म्याद | |
|---|---|
| हुलाक | **रेइवा 6 साल मे 31 तारिख (शुक्रबार) (हुलाक छापको मिति मान्य हुनेछ)** |
| विद्युतीय आवेदन | **विद्युतीय आवेदन रेइवा 6 साल मे 31 तारिख (शुक्रबार)11:59 PM** |

https://www.city.suginami.tokyo.jp/news/r0601/1092440.html

**कागजात पेस गरेको 1 महिना जतिमा भुक्तानी गरिनेछ।**

## परिवारमा रेइवा 5 साल डिसेम्बर 2 तारिख पछि जन्मेको बालबालिका भएको खण्डमा

**Q** **म आर्थिक वर्ष रेइवा 5 सालको मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (70 हजार येन) प्राप्त गरेको परिवारको घरमूली हुँ। मेरो परिवारमा मानक मिति (रेइवा 5 साल डिसेम्बर 1 तारिख) मा 5 वर्षको बच्चा र 3 वर्षको बच्चा छन्। साथै रेइवा 5 साल डिसेम्बर 2 तारिखमा जन्मेको 0 वर्षको बच्चा छ। बाल भत्ता लिनको लागि मैले के गर्नुपर्छ?**

**A** मानक मिति (रेइवा 5 साल डिसेम्बर 1 तारिख) मा निवासी दर्ता भएको 18 वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको बाल भत्ताको लागि "भुक्तानी सम्बन्धी जानकारी" मा रकम ट्रान्सफर मिति लेखिएको जानकारी पठाइनेछ। 5 वर्ष र 3 वर्षको 2 जना बच्चाहरूको रकम (1 लाख येन) को लागि प्रक्रिया गर्नु पर्दैन। तर रेइवा 5 साल डिसेम्बर 2 तारिखमा जन्मेको बच्चाको बाल भत्ता (50 हजार येन) को लागि "सुगिनामी सहर मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (बाल भत्ता) को भुक्तानी आवेदनपत्र (मागपत्र)" पेस गर्नुपर्नेछ। माथिको ③ को प्रक्रिया हेर्नुहोस्। रेइवा 6 साल मे 31 तारिखसम्ममा पेस नगरिएको खण्डमा भुक्तानी नगरिने हुनाले ध्यान दिनुहोस्।

**!** निवासी कर छुट परिवार आदिलाई दिइने मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकमको **"ट्रान्सफर ठगी" र "व्यक्तिगत जानकारीको ठगी"** प्रति सावधान हुनुहोस्!




तपाईंको घर, कार्यस्थल आदिमा सुगिनामी सहर कार्यालय (को कर्मचारी) आदि भनेर शंकास्पद फोन वा हुलाक मार्फत पत्र आएको खण्डमा, सुगिनामी सहर कार्यालय स्वास्थ्य तथा कल्याण विभाग व्यवस्थापन शाखा मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकमको जिम्मेवार कर्मचारी (फोन: 03-3312-2111 (प्रमुख लाइन)), प्रहरी कार्यालय अथवा सुगिनामी सहर ट्रान्सफर ठगी क्षति शून्य डायल (फोन: 03-5307-0800) मा सम्पर्क गर्नुहोस्।